# सर्वोच्च अदालतबाट जारी

## प्रेस विज्ञप्ति

आज मिति २०७७ साल माघ महिनाको ०२ गते रातोपाटी अनलाईन न्यूजले "भेटेकै हुन त न्यायाधीशहरुले प्रधानमन्त्रीलाई ?" र नेपाल खबर अनलाइन न्यूजले "संवैधानिक इजलासका न्यायाधीश सपना मल्लसहित चार न्यायाधीशसँग प्रधानमन्त्री ओलीको भेट" भन्ने शिर्षक राखी समाचार प्रकाशन भएकोमा यस अदालतको गम्भीर ध्यानाकर्षण भएको छ।

न्यायपालिकाको स्वच्छता र अदालतप्रतिको जनआस्थामा प्रतिकूल प्रभाव पर्नेगरी मिथ्यापूर्ण, भ्रामक,अतिरञ्जित, असत्य र कपोलकल्पित समाचार सम्प्रेषण हुनु दु:खद र खेद्जन्य विषय हो। अदालतमा बिचाराधीन मुद्दामा अनावश्यक आशंका र भ्रम सिर्जना गर्ने कुत्सित मनसाय राखी सत्य, तथ्य र यथार्थ अवस्था बुझ्दै नबुझी समाचार सामाग्री प्रकाशन गर्ने कार्यबाट न्यायपालिकाप्रतिको विश्वसनीयता र आम नागरिकको यस प्रतिको आस्थामा खलल पुग्न जाने तथा त्यस प्रकारको कार्यबाट सम्पूर्ण प्रेस जगतप्रतिको विश्वसनियतामासमेत आँच आउन सक्ने अवस्था रहन्छ। यस प्रकारका कार्यहरु स्वयं पत्रकार आचारसंहिता र कानून प्रतिकूल हुनेहुँदा कानूनी दायरामा आउन सक्ने तर्फ सचेत हुन ध्यानाकर्षण गराउँदै सम्प्रेषित समाचारको भ्रममा नपर्न सबैमा अनुरोध छ।

मिति : २०७७।१०।०२

देवेन्द्र ढकाल

सह प्रवक्ता